बैठक संख्या ४७ मिति २०७५/१२/०४

आज मिति २०७५ साल चैत्र ४ गते सोमबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थितीः

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १७ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १८ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १९ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २१ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भुर्तेल | सचिव | |
| २२ | खरिदार | श्री सौजन कटुवाल, | आमन्त्रित | |
| २३ | स्वकीयसचिव, | श्री गजेन्द्र खनाल, | आमन्त्रित | |

मिति २०७५/१२/०४ गते बसेको नगर कार्यपालिका (बोर्ड) बैठकका निर्णयहरु

१.मिति २०७५-१०-२२ मा अर्जुनधारा नगरपालिकामा सर्वपक्षीय सर्वदलीय ,मजदुर र अन्य व्यवसायी संग भएको ९ वुंदे सहमति मिति २०७५-१२-३ गते वडा न.१ को हलुवागढमा भएको ६ वुंदे सहमति अनुसार तत्कालीन र दीर्घकालीन कार्ययोजना तपशील वमोजिम निर्णय गरीन्छ ।

(क) पांचथरे खोल्सीको गल्छी निर्माण गरी वढी भएको पानी विरीङ खोलामा मिसाउने ।[(स्रोत राष्ट्रपति चुरे संरक्षण समिति, माध्यम वन तथा वातावरण मन्त्रालय) वीर ब राई – अध्यक्ष उपभोक्ता समिति]

(ख) पांचथरे खोल्सीको विरीङ नदीमा तटवन्धन गर्ने ।[(स्रोत जनताको तटवन्धन )राम ब. निरौला – अध्यक्ष उपभोक्ता समिति]

(ग) पुतलीचोक पूर्व खगेन्द्र फुंयलको घर छेउ विरीङ नदीको तटवन्धन (स्रोत जनताको तटवन्धन वा अर्जुनधारा नगरपालिका)

(घ) खुदुनावारी अर्जुनधारा खानेपानीको मुहान छेउ र पैनी मुहान छेउमा चेकड्यामको डि.पि.आर. बनाई काम गर्ने ।(स्रोत– अर्जुनधारा नगरपालिका र वुद्धशान्ति गाउंपालिका)

(ङ) अर्जुनधारा १ स्थित माटे खानेपानीको खानेपानी पाइप विस्तारका लागि रु ५ लाख मात्र ।

(च)अर्जुनधारा १ नं. वडा कार्यालयमा सुचिकृत भएका नदिजन्य मजदुरहरुको सम्बन्धमा सर्वपक्षीय छलफल गरी वास्तविक मजदुर भए नभएको व्यहोरा यकिन गर्ने ।

२.राष्ट्रपति चुरे मधेश तराई विकास समितिको कार्यक्रम अन्तर्गत हलुवागढ सिमसारमा पोखरी निर्माण तथा व्यवस्थापनका लागि रु १० लाख विनियोजन गर्ने ।

३.अ.न.पा.वडा न.१ को त्रिशुली तटवन्धनका लागि रु ३०,००,००० र शाकम्वरी जलकन्या मन्दिर निर्माण रु २०,००,००० क्रमागत बहुबर्षीय आयोजनाको रुपमा आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी संचालन गर्नका लागि लगत स्टिमेट तयार गरी आगामी नगर सभामा पेश गर्ने ।

४.नगर कार्यपालिकाको मिति २०७५/०९/०३ को बैठकको निर्णयानुसार शनिश्चरे बजारमा नयाँ सब्जीबजार निर्माण गर्न लागि यस नगरपालिकाको ठेक्का नं. AM/JHAPA/SHOPBUILDING 03/075-076 बाट ठेक्का आह्ववान गरिएकामा K.M/SAMATA (J.V) बानेश्वर काठमाण्डौंले न्यूनतम अंक कबोल गरेको हुनाले नगरपालिका र काफल इन्भेष्टमेण्ट प्रा.लि. बिच मिति २०७५/०७/१८ को सम्झौता बमोजिम नगरपालिकाको नाममा पास हुने साविक शनिश्चरे १ हाल अर्जुनधारा ८ स्थित कि.नं. ८३७ ज.वि. ०-१०-१५ मध्ये ०-७-० जग्गामा निर्माण कार्य सुरु गर्न निजसँग सम्झौता गरी नियमानुसार मोबिलाइजेसन पेश्की उपलब्ध गराउने ।

५.शनिश्चरे बजारको साप्ताहिक हाट बजार व्यवस्थापन गर्नका लागि उपयुक्त स्थानमा जग्गा भाडामा लिनका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

६.वडा नं ४ को वडा कार्यालयका लागि श्री लक्ष्मण बस्नेत समेत बाट कि.नं. ४४७ बाट ज.वि. ०-४-० को जग्गा उपलब्ध गराउन प्रस्ताव भई आएकामा उक्त जग्गा नगरपालिकाको नाममा प्राप्त गर्नका लागि प्रक्रिया अघि बढाउने ।

७.देहाय बमोजिम योजनाहरु क्रमागत बहुवर्षिय आयोजनाका रुपमा आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी सञ्चालन गर्नका लागि लगत स्टमेट तयार गरी आगामी नगर सभामा प्रस्ताव पेश गर्ने ।

(क) पगला खोलामा पुल निर्माण गर्ने प्रदेश सरकारबाट रु ११ लाख रकम विनियोजन भई कार्य सुरु भएकामा सो रकम अपुग हुने भएकाले अपुग रकम नगरपालिकाबाट व्यहोर्ने गरी

(ख) अर्जुनधारा नगरपालिका वडा न. ३ कुम्भिटार छेउ सुखानी अधुरो कज्वे पुरा गर्न आगामी आ.व.मा सोही वडाको दायित्वमा रहने गरी रु ४,५०,००० ।विनियोजन गर्ने ।

(ग )अर्जुनधारा ६ मा नाला निर्माण गर्न प्रदेश सरकारबाट रु १५ लाख ,स्थानीय उपभोक्ता समितिबाट रु १५ लाख र बाँकी रकम रु १९,००,००० नगरपालिकाबाट व्यहोर गर्ने,

(घ)गाँजाबारीमा झोलुंगे पुल छेउमा सडक मर्मत लगत स्टिमेट अनुसार,

(ङ)जनता माध्यमिक विद्यालय भवन निर्माण रु ३० लाख मात्र ।

(च)नवदुर्गा आधारभुत विद्यालय भवन निर्माण रु ८ लाख मात्र ।

(छ) टाङ्गटिङ्ग खोला पुल उत्तर तटबन्धन रु ५ लाख मात्र ।

(ज)भानु माध्यमिक विद्यालय भवन निर्माण रु १० लाख मात्र ।

(झ)अर्जुनधारा ८ स्थित तुतबारीमा अधुरो कालोपत्रे पुरा गर्न रु २ लाख ७५ हजार मात्र ।

(ञ)दुर्गा मन्दिर शनिश्चरे पूर्व नगरपालिकाको पुरानो व्यवसायिक भवन भत्काई नयाँ भवन निर्माण लगत स्टमेट अनुसार ।

(ट)वडा नं. २ स्थित राते कल्भर्टको दुवैतर्फ पुरुवा हाल्न रु १ लाख ७५ हजार मात्र ।

(ठ)वडा नं. २ को सहकाले क्षेत्रमा विद्युतिकरण गर्न २० थान विद्युत पोल ।

(ड)वडा नं. ४ स्थित कालिखोला पुल निर्माण गर्न अपुग रकम लगत स्टमेट अनुसार

(ढ)शान्ती सामुदायिक वन प्लम्ब निर्माण लगत स्टमेट अनुसार ।

(ण) पत्रकार इन्द्रकुमार राईको आवास व्यवस्थापनका लागि आर्थिक सहयोग रु १ लाख मात्र ।

(त) अ.न.पा.२ साठीमुरे छिरुवा खोल्सीबाट वावियो खोला तथा स्वास्थ्य चौकी जाने बाटो स्तरन्नोति गर्न रु ५,००,००० मात्र ।

(थ) अ.न.पा.वडा न. २ लाई ह्युम पाइप खरीद गर्न रु २,००,००० ।

(द) अ.न.पा. ९ गोलधापमा विद्युत प्राधिकरणवाट प्राप्त ट्रान्सफर्मर जडान गर्न लाग्ने खर्च वडा कोषबाट व्यावस्थापन गर्ने ।

८.प्राथमिक स्वास्थ्य केन्द्रको ओपिडी भवन निर्माण्का लागि प्रदेश सरकारबाट रकम विनियोजन भएकामा अपुग रकम मध्ये नगरपालिकाबाट रु ५ लाख विनियोजन गर्ने ।

९.सुखानी शहिद दिवस समारोह सञ्चालनमा भएको खर्च अनुसार रु १ लाख उपलब्ध गराउने ।साथै,वडा नं ३ बस्ने श्री मेघाहाङ्ग लिङ्गदम तथा श्री धनबहादुर जोगिलाई ट्युबवेल जडान गर्नका लागि जनही रु १० हजारका दरले रकम उपलब्ध गराउने ।

१०. अर्जुनधारा ३ भित्री गाउँ जाने बाटोमा स्वागतद्वार निर्माण गर्न रु १० हजार मात्र उपलब्ध गराउने ।साथै,हात्तिकिल्ला कृषि समूहको भ्रमण खर्च रु २५ हजार मात्र उपलब्ध गराउने ।

११. प्रदिप राजवंशी वडा न. ११ लाई रु ५००० र तारा प्रसाद ओली साविक ज्यामिरगढी गा.वि.स.लाई रु १५००० मात्र ।(दुवैलाई औषधोउपचार खर्च सहयोगका लागि)

१२. अर्जुनधारा २ स्थित श्री ब्लु हेभन अंग्रेजी विद्यालय बुद्धशान्ती गाउँपालिकाको वडा नं. ३ मा स्थानान्तरण भई जानका लागि सहमति प्रदान गर्ने ।

१३.यस नगरपालिकाको हिउँदे नगर सभा आगामी चैत्र १९ गते नगरपालिकामा गर्ने गरी आह्वान गर्ने ।

१४.अर्जुनधारा न.पा.का लागि तपशीलका कार्यविधि निर्माण गर्ने–

तपशील

(क) सहकारी कार्यविधि

(ख) राजश्व कार्यविधि

(ग) प्राकृतिक स्रोत व्यावस्थापन सम्वन्धी कार्यविधि

(घ) भूमि व्यावस्थापन कार्यविधि

(ङ) संघ संस्था परीचालन कार्यविधि

(च) युवा तथा खेलकुद कार्यविधि

(छ) संस्कृति सम्वन्धी कार्यविधि एवं शिक्षा,पशुविकास,स्वास्थ्य र कृषि सम्वन्धी कार्यविधि

१५.शिक्षा,युवा तथा खेलकुद शाखाबाट प्रस्ताव भए बमोजिम अर्जुनधारा नगरपालिकामा आधारभुत तहको परीक्षा सञ्चालनका लागि आवश्यक रकम रु ७,००,०००/- (सात लाख मात्र) चालु खर्च अन्तर्गत विविध शीर्षकबाट विनियोजन गर्ने ।